# लाभ लागत अध्ययन

## १. पृष्ठभूमि

प्रत्येक वर्ष बढ्दै गइरहेको दैनिक उपभोग्य वस्तुहरुको आवश्यकता परिपूर्ति गर्नको लागि खाद्यान्न बाली, नगदे बाली, फलफूल तथा तरकारी, पशुजन्य पदार्थ तथा माछाको उत्पादन तथा आपूर्तिमा बृद्धि हुँदै जानुपर्छ । तर, खाद्य पदार्थको बढ्दो मागको तुलनामा कृषि वस्तुको उत्पादन बढ्न सकेको छैन । फलतः मूल्यबृद्धिको क्रम जारी नै छ । यसरी क्रमिक रुपमा बढिरहेको मागलाई ध्यानमा राखी कृषि उत्पादन बढाउने कार्यमा बढी लगानी गर्नु अत्यन्त आवश्यक हुन्छ । लगानीको अनुपातमा कृषि वस्तुहरुको उत्पादनबाट हुने मुनाफा कृषकको चासोको विषय बनेको छ । यसै अनुरुप कृषकहरुलाई वाली छनौट प्रक्रियामा मद्दत पुऱ्याउन विभिन्न बाली वस्तुहरुको उत्पादन लागत अध्ययन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, झापा अन्तर्गत सुपारी जोनले यस आ.व.२०७६/०७७ को सुपारी खेती खर्च अध्ययनको रुपमा सञ्चालन गरेको थियो ।

## २. उद्देश्य

कृषकहरुलाई सुपारी बालीको सही तथा सरल तरिकाले उत्पादन लागत तथा लाभ निकाल्न सिकाउने र सुपारी खेतीको सन्दर्भमा उत्पादन लाभ, लागत सम्बन्धी जानकारीको महत्व बोध गराउनु रहेको छ ।

- कृषिमा लगानी गरेअनुसार कृषकलाई नाफा/नोक्सान के भयो सोको जानकारी लिने ।
- विभिन्न बालीहरुको उत्पादन लागतको विस्तृत जानकारीको आधारमा वैकल्पिक बाली (जस्तैः धानको सट्टामा तरकारी, साधारण गोलभेडाको बदलामा टनेलमा उन्नत गोलभेडा खेती) लगाउने/नलगाउने भन्ने निर्णय गर्न सहयोग पुऱ्याउने ।
- सुपारी उत्पादन क्षेत्रफल र प्रविधिलाई थप विस्तार गर्न कृषकहरुको सुझाव संकलन गर्ने ।
- यस अध्ययनको क्रममा किसानले प्रयोग गर्ने मलखादको प्रकार एवम् मात्रा, जनश्रम तथा पशुश्रमको प्रयोग, बालीको उत्पादकत्व, उत्पादनको मूल्य आदि खेती व्यवसायको आर्थिक सूचनाको प्रस्तुति एवम् विश्लेषण गरी कृषि क्षेत्रको नीति निर्माणमा सहयोग पुऱ्याउने ।

## ३. अध्ययनको विषय प्रवेश

नेपालमा सुपारी खेती बगैँचा सजावटको निमित्त झापा जिल्लाबाट रोपण सुरु भएको पाइन्छ । घर सजावटको लागि सुरु भएको सुपारी अहिले आएर व्यवस्थित रुपमा नगदे बालीको रुपमा झापा, इलाम, मोरङ र सुनसरी जिल्लामा व्यावसायिक रुपमा नै खेती हुँदै आएको छ । आर्थिक वर्ष ०७५/०७६ सम्म, झापा जिल्लामा सुपारी खेती हुने कुल क्षेत्रफल २७९० हेक्टर छ जसमध्ये काँचो सुपारीको उत्पादन ६९९४० मे.टन. र सुख्खा सुपारी ९९९१ मे.टन हुन्छ । गत आ.व २०७५/०७६ मा सुपारी जोनअन्तर्गत ७८८ हेक्टर क्षेत्रफल सूचिकृत भएको थियो । जसमध्ये ५२०.१३ हेक्टरमा ५ वर्षभन्दा बढी उमेरका सुपारी भई उत्पादन १५२३.९८ र उत्पादकत्व २.९३ रहेको थियो । यस जिल्लामा विशेष गरी विभिन्न स्थानीय जात र मोहितपुर लगाउने गरेको पाइयो । यहाँको लगभग सबै पालिकाहरुमा सुपारीको उत्पादन हुने भए पनि बुद्धशान्ति गाउँपालिका, मेचीनगर नगरपालिका र अर्जुनधारा नगरपालिका सुपारी उत्पादनको हिसाबले अग्रणी स्थानमा देखिन्छ । सुपारी बाली मुख्य नगदेबाली भएको हुँदा अन्य बालीको तुलनामा कृषक–कृषकबीच प्रतिस्पर्धाको वातावरण नरहे ता पनि प्रतिहेक्टर क्षेत्रफलमा कति लागतमा कति उत्पादन आउन सक्छ भन्ने विषयको विवरण राख्नुपर्ने हुन्छ । एउटा कृषकले प्रति इकाई उत्पादन कति कम लागतमा गर्न सक्दछ भन्ने कुरामा धेरै निर्भर गर्दछ । अतः कृषकहरुले आफ्नो उत्पादन लागतबारे जानकारी राख्नु जरुरी हुन्छ ।

प्रति हेक्टर क्षेत्रफलमा लगाईएको सुपारी बालीको लाभ र लागतको लेखाजोखा गर्ने उद्देश्यले झापा जिल्लाको बुद्धशान्ति गाउँपालिका, अर्जुनधारा नगरपालिका र मेचीनगर नगरपालिकामा रहेका कृषक समूहको सूची तयार गरी प्रश्नावली तयार गरी लाभ लागत अध्ययन गरिएको छ ।

## ४. अध्ययनको औचित्य

लाभ लागतको अध्ययन भएमा भौगोलिक क्षेत्र, बजार र बजारको माग अनुरुप वस्तुको उत्पादन हुने, बाली सघनता कम हुने, किसानहरुमा प्राविधिक ज्ञान सीप बृद्धि हुने, जोन क्षेत्र र साधारण क्षेत्रमा कृषकहरुले उत्पादित वस्तुको तुलना गरी लेखाजोखा गर्ने, कति कृषि सामग्री प्रयोग गरेका छौं र त्यसबाट के कति उत्पादन भयो र प्रतिकेजी उत्पादन गर्न कति खर्च लागेको हो त्यसको लेखाजोखा राख्न

सजिलो हुने, आफूले उत्पादन गरेका कृषि वस्तुहरु के कतिमा बिक्री वितरण गर्न ठिक हुन्छ भन्ने बारे जानकारी प्राप्त गर्न सकिने, कृषकहरु स्वयम् खेती खर्च र उत्पादन खर्च लेखाजोखा गरी नाफा/नोक्सानको रेकर्ड तयार गर्न सक्षम हुने र कृषकहरुलाई खेती सम्बन्धी सम्पूर्ण कुराको जानकारी भई जिल्लाको उत्पादन वस्तुबाट मूल्य निर्धारणमा सेवा टेवा पुग्नमा सहयोग पुऱ्याउने हुंदा हरेक बालीको लाभ लागत तयार हुन आवश्यकता छ ।

## ५. अध्ययन विधि

छनौट परेका स्थानिय तहका क्षेत्रहरुमा न्युनतम १० कठ्ठामा सुपारी खेती गरिरेहेका कृषकहरु छनौट गरी प्रश्नावली भराई खेती खर्च, स्थिर खर्च, चालु खर्चहरु, बजारीकरण प्रक्रिया, भोग्दै आएका समस्या, मूल्यको उतार चढाव र सम्बद्ध पक्षलाई सुझावको बारेमा जानकारी संकलन गरी प्राप्त तथ्याङ्कहरुलाई विश्लेषण गरी नतिजा निकाली समस्याहरुलाई प्राथमिकताको आधारमा प्राथमिकीकरण गरिएको थियो ।

## ६. अध्ययनको सीमा

यस उत्पादन लाभ लागत अध्ययनमा कृषकको भएको खर्च मूनाफाको आँकडा अनुसार छनौट भएका स्थानीय तहका कृषकहरुको उत्पादन लाभ लागतको अध्ययन गर्दा औषत १ हेक्टर क्षेत्रफललाई आधार मानी लाभ लागत रेकर्ड तयार गरिएको छ । समय तथा बजेट सीमाका कारण सबै किसानहरुको प्रतिनिधित्व हुने गरी विभिन्न सूचकहरुको माध्यमबाट बुद्धशान्ति गाउँपालिका वडा नं. १ र २, अर्जुनधारा नगरपालिका वडा नं. ६, ७, ८ र ९ साथै मेचीनगर नगरपालिका वडा न. २ मा अध्ययन गरिएको छ ।

## ७. अध्ययनको विश्लेषण तथा व्याख्या

### ७.१ कृषकको स्तर

अध्ययन क्षेत्रमा सुपारी खेतीमा संलग्न कृषकहरु साधारण लेखपढ देखि उच्च शिक्षा हासिल गरेका छन् । कृषि कार्यक्रम गर्न सक्रिय तर सुपारी उत्पादन कार्य योजना तयार गर्न केही पनि सक्षम नरहेको पाइयो ।

### ७.२ जमिनको किसिम

अध्ययन क्षेत्रको खेती हुने जमिन खेत/बारी दुवै रहेको र बारीमा केरा बाली, मकै, मरिच लगायत अन्य बाली र खेतमा मुख्य बालीमा सुपारी

खेती हुने गरेको छ ।

### ७.३ कृषक श्रमिक वा जनशक्ति

यस क्षेत्रमा कृषकहरु स्वयम् आफ्नै घरपरिवारका सदस्य र ज्यामी ज्यालादारको रुपमा परिचालन हुने गरेको तथा अन्य एकाध क्षेत्रमा यान्त्रीकरणको सुरुवातसँगै यन्त्र समेत प्रयोग भएको अध्ययनमा देखिएको छ ।

## ८. अध्ययन क्षेत्रको समस्या

लाभ लागतको अध्ययन क्षेत्रका रुपमा छनौट भएका सबै वडाहरुमा व्यावसायिक रुपमा सुपारी बालीको उत्पादन भइरहेको छ । सुपारी बालीमा ओइलाएर मर्ने र जरा कुहिने, दाना वयस्क नहुँदै फुट्ने, झुप्पा लाछिएर झर्ने आदि समस्या प्रमुख रुपमा देखिन थालेको छ ।

Table 1. Average cost of production and profit margin per hectare of Areca nut

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | रकम रु. |
|---|---|---|---|---|---|
| | **सामग्री लागत** | | | | |
| १ | बिरुवा | संख्या | १३७२ | ५० | ६८६०० |
| २ | गोबरमल | डोको | ४२९ | ५० | २१४५० |
| ३ | रासायनिक मल | | | | |
| | युरिया | के.जी | १४४० | २५ | ३६००० |
| | डि.ए.पी | के.जी | ६५९ | ५० | ३२९५० |
| | पोटास | के.जी | १६६० | ४० | ६६४०० |
| ४ | सूक्ष्म खाद्य तत्व (Boron) | के.जी | ३७७ | १५० | ५६५५० |
| ५ | बालि संरक्षण | | | | १०००० |
| ६ | बोरा | वटा | ३०५ | ३० | ९१५० |
| | **श्रम लागत** | | | | |
| ७ | बिरुवा रोप्ने | जना | ८० | ६५० | ५२००० |
| ८ | गोडमेल | जना | ७५ | ३५० | २६२५० |
| ९ | सिँचाई | जना | २० | ६५० | १३००० |
| १० | अन्य | जना | ३ | ६५० | १९५० |
| क | **जम्मा लागत** | **रु.** | | | ३९४३०० |
| | मुख्य उत्पादन | | १४२२० | | |
| | कुल बिक्री परिमाण | | १३७२० | ३५ | ४८०२०० |
| ख | **कुल आम्दानी (Gross income)** | **रु.** | | | ४८०२०० |
| ग | **Gross profit at farm gate** | रु. | | | ८५९०० |
| A | Marketing cost | रु. | ० | ० | ० |
| B | Value at market | रु. | ० | ० | ० |
| घ | **खुद नाफा (Net profit)** | **रु.** | | | ८५९०० |

**प्रति इकाई उत्पादन लागत**

| क्र सं | विवरण | वार्षिक खर्च (रु.) | कैफियत |
|---|---|---|---|
| १ | कच्चा पदार्थको लागत | २९११०० | |
| २ | कामदारको लागत | ९३२०० | |
| ३ | बाली संरक्षण (अन्य शीर्ष भार समेत) | १०००० | |
| ४ | जम्मा | ३९४३०० | |
| ५ | वार्षिक उत्पादन (के.जी) | १४२२० | |
| ६ | प्रति इकाई लागत | २७.७२ | |

**लाभ लागत दर**

| १ हेक्टर क्षेत्रफलको कुल खर्च (रु.) | कुल उत्पादन के.जी | प्रति के.जी उत्पादन खर्च (रु.) | कुल विक्रि परिमाण के.जी | कुल आम्दानी (रु.) | प्रति के.जी आम्दानी (रु.) (लाभ) | लाभ लागत दर |
|---|---|---|---|---|---|---|
| ३९४३०० | १४२२० | २७.७२ | १३७२० | ४८०२०० | ७.२८ | १.२१ |

## ९. सारांश तथा सुझावहरू

यस अध्ययनको आधारमा र कृषकहरुले अध्ययनको क्रममा लिएको अनुभवको आधारमा सुपारी बाली झापामा सफलतापूर्वक गर्दै आइएको देखिन्छ । अबका दिनमा उत्पादनमा मात्र नभई प्रशोधनमा, लघु उद्यम सञ्चालन गर्न किसानलाई सरकारी तथा गैह्र सरकारी स्तरबाट प्रोत्साहन गर्नुपर्ने र उत्पादित वस्तुको बजारीकरणमा सहयोग गरी निर्यात प्रबर्द्धन गर्नुपर्ने देखिन्छ । सुपारी बालीमा तयार गरिएको लाभ लागत दरको औषतलाई हेर्दा १.२१ रहेको छ । औषत लाभ लागतदर १ देखि माथि देखिएमा व्यावसायमा फाईदा भएको देखिन्छ । सो लाभलागत दरलाई विश्लेषण गर्दा यो व्यवसायबाट कृषकहरुलाई फाइदा भएको पुष्टि हुन्छ । तर, सुपारी बाली भित्र घाँस उत्पादन गरी पशुपालनमा सहयोग पुग्ने र लहरे बालीबाट पनि उत्पादन बढ्ने हुनाले उचित बाली व्यवस्थापन गर्नुपर्ने देखिन्छ । आगामी दिनहरुमा कृषकहरुले पुरानो बीउको प्रयोग नगरी नयाँ उन्नत जातहरुको खेती, सुपारी उत्पादन तथा खेती प्रविधि सम्बन्धी तालिम, प्रशस्त मात्रामा प्राङ्गरिक मल तथा बाली व्यवस्थापन गरी अहिलेको उत्पादन क्षमता बढाउनु पर्ने देखिन्छ ।

## १०. कृषकहरूलाई सुझाव

- माटो सुधारको लागि गाई वस्तुको मललाई राम्रोसँग व्यवस्थापन गरी प्रयोग गर्नुपर्ने ।
- उन्नत जातहरुको प्रयोग गरी खेती गर्नुपर्ने ।
- प्रत्येक कृषकहरुले आफ्नो उत्पादन लागत र आम्दानीको रेकर्ड तयार गरी खेतीको योजना बनाउनु पर्ने ।

## सारांश तथा सुक्ष्मसुपारी खेती लाभ लागत सम्वन्धि प्रश्नावली

प्रश्नकर्ताको नामः.......................................................................
सर्वेक्षण मिति :...............................
१. घरधुरी सम्बन्धी विवरण समुन्द्री सतहदेखि सर्वेक्षण गरेको ठाँउको उचाई :.................................

| | | |
|---|---|---|
| उत्तरदाता कृषकको नामः.............................. | | सम्पर्क नम्बर :..................................... |
| उमेर : .....वर्ष | लिङ्ग : क) पुरुष<br>ख) महिला | घरधुरीको मुख्य पेशा : क) कृषि ख) रोजगारी<br>ग) व्यापार घ) अन्य.... |
| स्थायी ठेगानाः | | अस्थायी ठेगानाः |
| शैक्षिक योग्यता : ..........सम्म | जम्मा परिवार संख्या :........ पुरुष :......... महिला :......<br>१६ वर्षमुनिको बालबच्चा संख्या :................ | |

२. खेतीपाती सम्बन्धी विवरण

| क्र. सं. | जग्गाको प्रकार | आफ्नै स्वामित्व भएको | | ठेक्का/ अधियामा कमाएको (कठ्ठा) | जम्मा जग्गा (कठ्ठा) | सिंचाईको सुविधा | | खेतिमा प्रयोग भएको | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आफै खेती गरेको (कठ्ठा) | अरुलाई कमाउन दिएको (कठ्ठा) | | | भएको (कठ्ठा) | नभएको (कठ्ठा) | जम्मा (कठ्ठा) | सुपारी खेती गरेको (कठ्ठा) |
| १ | खेत | | | | | | | | |
| २ | बारी | | | | | | | | |

३. तपाईले यस आर्थिक वर्ष (२०७३/०७४) मा उत्पादन गरेको ............ जातहरुको विवरण

| जातहरुको नाम | बिउको स्रोत | खेती शुरु गरेको वर्ष | लगाएको क्षेत्रफल (कठ्ठा) | जम्मा उत्पादन (केजी) | जम्मा विक्रि (केजी) | औसत विक्रि मुल्य (रु./केजी) | जम्मा आम्दानी (रु.) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

४. तपाईले समयअनुसार यस आ.व. २०७६/०७७ मा उत्पादन गरेको सवैभन्दा राम्रो लागेको जात कुन हो र किन ?

५. खेती गर्दा सवैभन्दा मन परेको जातहरु र मन पर्नुका कारणहरु :

जातको नाम..........................................................................
मन पर्नुका कारण....................................................................

६. के तपाईलाइ नेपालबाट सिफारिस जातको बारेमा जानकारी छ ?

(क) छ (ख) छैन

७. यदि छ भने तपाईले त्यस सम्बन्धी खेती प्रविधिको बारेमा कहाँबाट थाहा पाउनुभयो ?

क) छिमेक/नातेदार ख) रेडियो/टेलिभिजन/पत्रिका ग) समूह/सहकारी घ) कृषि अनुसन्धान केन्द्र
ङ) कृषि विकास कार्यालय/सेवा केन्द्र च) एग्रोभेट छ) गैरसरकारी कार्यालय ज) अन्य................

८. यदि तपाईले नेपालकै उन्नत जातको बालीको जानकारी भएर पनि यसको खेती गर्नु भएको छैन भने किन नगर्नुभएको ?
क) बीउको सहज उपलब्धता नभएर ख) यो जातको लागि सुहाउँदो वातावरण नभएर ग) बीउ बढी महँगो भएर घ) यो जात लगाउँदा अन्य बाली लगाउन समय नमिल्ने भएर

९. तपाई सुपारी उत्पादन तथा खेती प्रविधि सम्बन्धी कुनै तालिम लिनुभएको छ ?
(क) छ (ख) छैन, यदि छ भने कतिवटा र कतिदिने ? ..........

१०. के तपाई कृषि सम्वन्धि कुनै समूह वा सहकारीमा आबद्ध हुनुहुन्छ ।
(क) छु (ख) छैन

११. यदि हुनुहुन्छ भने कति वटामा आबद्ध हुनुहुन्छ ? ............. वटामा

१२. तपाईको कृषि सम्बन्धी प्राविधिकहरुसँग कतिचोटि सम्पर्क हुन्छ । ...........(महिनामा) ............(वर्षमा)

१३. के तपाईले खेती गर्नका लागि कतैबाट ऋण लिनु भएको छ ?
क) छु ख) छैन

१४. यदि ऋण लिनु भएको छ भने कहाँबाट क) बैंक ख) सहकार
ग) समूह घ) छिमेक

१५. तपाईको आफ्नो उत्पादन कहाँबाट बिक्री गर्नुहुन्छ र सो अनुसार बेच्दा कति पाउनुहुन्छ ?

| बिक्री गर्ने ठाउँ | बिक्री गरेको समय | कुल उत्पादन मध्यको बिक्री गरेको मात्रा | पाएको औषत मूल्य रु/के.जी. | खरिदकर्ता को हो वा कहाँ ? फोन नं. भए दिनुहोस् । |
|---|---|---|---|---|
| उत्पादन स्थलबाटै | | | | |
| बजार आफै लगेर | | | | |
| संकलन केन्द्र मार्फत | | | | |

१६. तपाईले उत्पादन गरेको बालीको उत्पादन र बेचविखनमा तपाईले के के समस्या भोग्नुपरेको छ ?
उत्पादन सम्बन्धी समस्या.........................................................................
बिक्री वितरण सम्बन्धी समस्या.............................................................
........................................................................................................

१७. के तपाई आगामी वर्ष.................. खेतीको अहिलेको भन्दा अझ विस्तार गर्ने सोचमा हुनुहुन्छ ?

# १८. तपाईंले खेती गर्ने सुपारीको खर्च मुनाफा तुलना

| सि.नं. | क्रियाकलाप | इकाई | परिमाण | दर | रकम रु. |
|---|---|---|---|---|---|
| १ | बीउ/बिरुवा | केजी/संख्या | | | |
| २ | गोबर मल | डोका | | | |
| ३ | रासायनिक मल | | | | |
| ४ | युरिया | डोका | | | |
| ५ | डि.ए.पी. | डोका | | | |
| ६ | पोटास | डोका | | | |
| ७ | जिङ्क | डोका | | | |
| ८ | काली संरक्षण | | | | |
| ९ | श्रम लागत | | | | |
| १० | बीउ छर्ने | जना | | | |
| ११ | ट्याक्टर प्रयोग | घण्टा | | | |
| १२ | गोरु | हल | | | |
| १३ | गोठेमल | जना | | | |
| १४ | हार्भेस्टिङ | जना | | | |
| १७ | अन्य | नजा | | | |
| क) | जम्मा लागत | रु. | | | |
| | मुख्य उत्पादन | के.जी. | | | |
| | अन्य उत्पादन | के.जी. | | | |
| ख) | कुल आम्दानी | रु. | | | |
| ग) | कुल नाफा (फार्म गेटमा) | रु. | | | |
| a | Marketing cost | रु. | | | |
| b | Value at market | के.जी. | | | |
| घ) | खुद नाफा | रु. | | | |
| ङ) | लाभ लागत अनुपात (Benefit cost Ratio) | रु. | | | |

## धन्यवाद